# प्रदेश राजपत्र

गण्डकी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ०५) पोखरा, असार २ गते, २०७९ साल (संख्या ०२


## भाग ३

### गण्डकी प्रदेश सरकार

### शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालयको सूचना

### श्रम तथा रोजगार नीति, २०७८

**पृष्ठभूमिः**

नेपालको संविधानले नागरिकको रोजगारी तथा रोजगारी छनौट गर्न पाउने हक सुनिश्चित गरेको छ। त्यसैगरी प्रत्येक श्रमिकलाई उचित श्रम अभ्यास, उचित पारिश्रमिक सुविधा तथा योगदानमा आधारित सामाजिक सुरक्षा एवं कानून बमोजिम ट्रेड युनियन खोल्ने, त्यसमा सहभागी हुने तथा सामूहिक सौदाबाजी गर्न पाउने हकको व्यवस्था गरेको छ। संविधानको धारा ५१ (झ)मा श्रम र रोजगारसम्बन्धी नीति अन्तर्गत स्वदेशमा नै रोजगारी अभिवृद्धि गर्ने, साथै वैदेशिक रोजगारबाट आर्जन भएको पुँजी, सीप र प्रविधिलाई स्वदेशमा उत्पादनमूलक क्षेत्रमा लगाउन प्रोत्साहन गर्ने विषयलाई प्राथमिकता दिएको छ। दिगो विकास लक्ष्य, आवधिक राष्ट्रिय योजनाहरू तथा राष्ट्रिय रोजगार नीति, २०७१ तथा गण्डकी प्रदेशको आवधिक योजनाले मार्गनिर्देश गरे अनुसार मुलुकभित्र

रहेको जनशक्ति/श्रमशक्तिको दक्षता विकास गरी राष्ट्रिय र अन्तराष्ट्रिय रूपमा प्रतिस्पर्धी बनाउन सके मुलुकको आर्थिक तथा सामाजिक विकासमा ठोस योगदान पुग्नेछ । संविधानले प्रबन्ध गरेका तीन तहका सरकार, तिनका कार्यक्षेत्र र सीमा निर्धारण भएअनुसार प्रदेशमा उपलब्ध श्रमशक्तिको विकास र परिचालनमा प्रदेशस्तरीय श्रम तथा रोजगार नीतिको महत्वपूर्ण भूमिका हुन्छ । प्रदेशमा रहेको श्रमयोग्य जनशक्तिलाई सुरक्षित र मर्यादित कामको वातावरणमा उत्पादनशील रोजगारी सिर्जना गरी दिगो आर्थिक वृद्धिको माध्यमबाट गरिबी न्यूनीकरण गर्दै समग्र विकासको लक्ष्यमा अग्रसर हुनु आजको आवश्यकता हो।

**वर्तमान अवस्थाः**

राष्ट्रिय योजना आयोगको प्रक्षेपणअनुसार नेपालको श्रमबजारमा वर्षेनी करिब पाँच लाख थप जनशक्ति प्रवेश गर्दछन्। श्रम सर्वेक्षण प्रतिवेदन २०७४/७५ अनुसार नेपालको आर्थिक रूपमा सक्रिय जनसंख्या २,०७,४४,००० छ भने गण्डकी प्रदेशमा १८,६८,००० रहेको छ। नेपालमा कुल रोजगारीयुक्त जनसंख्या ७०,८६,००० छ भने गण्डकी प्रदेशमा ६,०६,००० छ। त्यसैगरी बेरोजगार जनसंख्या नेपालभर ९,०८,००० छ भने गण्डकी प्रदेशमा ६०,००० को संख्यामा छ। नेपालको श्रम शक्ति सहभागिता दर ३८.५% छ भने गण्डकी प्रदेशको ३५.७% रहेको छ। त्यस्तै नेपालको बेरोजगारी दर ११.४% रहेको छ भने गण्डकी प्रदेशको ९% छ। आर्थिक वर्ष २०७६/७७ मा मात्र गण्डकी प्रदेशबाट वैदेशिक रोजगारीमा जान श्रम स्वीकृति लिनेको संख्या ६२,६७८ जना रहेको छ । अन्य प्रदेशको तुलनामा यस प्रदेशका व्यक्तिहरू आई.डी. कार्ड प्राप्त गरी विभिन्न मुलुकमा गैरआवासीय नेपालीको रूपमा बस्नेहरूको संख्या पनि बढी नै रहेको पाईएको छ।

आर्थिक गणना २०७५ अनुसार नेपालमा कुल उद्योग र व्यवसायको संख्या ९,२३,३५६ छ भने यी उद्योग व्यवसायमा संलग्न व्यक्तिहरूको संख्या ३२,२८,४५७ छ। गण्डकी प्रदेशमा १,००,६८४ उद्योग व्यवसाय छन् भने तिनमा संलग्न रोजगारी प्राप्त व्यक्तिको संख्या ३,३२,४७२ छ । यस प्रदेशमा भएका पर्यटन, कृषि, औद्योगिक उत्पादन, निर्माण जस्ता क्षेत्रहरूबाट थप रोजगारी सिर्जना गर्न सकिने पर्याप्त सम्भावनाहरू विद्यमान छन् ।

गण्डकी प्रदेश सरकार स्थापना भए यता श्रम तथा रोजगारको क्षेत्रमा उद्यमशीलता विकास गरि स्वरोजगारीका अवसर वृद्धि, घरेलु तथा साना उद्योग विकासका लागि विभिन्न किसिमका तालिम सञ्चालन भएका छन । कृषि तथा सहकारी क्षेत्र, पर्यटन प्रवर्द्धन र पूर्बाधार विकास अन्तर्गत घरबास, पदयात्रा मार्ग निर्माण तथा सुधार लगायतका बिभिन्न क्षेत्रमा अनुदान उपलब्ध गराई उत्पादन वृद्धि र रोजगारीका अवसरहरू सिर्जना हुने

वातावरण तयार गर्दै आएको छ । साथै प्रदेश स्तरीय रोजगार सूचना केन्द्रको स्थापना भएको छ ।

**प्रमुख समस्या र चुनौतीः**

गण्डकी प्रदेशमा विद्यमान प्राकृतिक स्रोत, साँस्कृतिक सम्पदा, मानवीय संसाधनको उपलब्धताको अनुपातमा यस क्षेत्रको प्रवर्द्धन तथा व्यवस्थापन मार्फत पर्याप्त रोजगारीका अवसर वृद्धि गर्न सकिएको छैन । श्रम तथा रोजगारीको क्षेत्रमा मूलतः निम्न चुनौती र समस्याहरू छन्ः-

**(क) चुनौती:**

(१) युवाजनशक्तिलाई स्वदेशी श्रम बजारमा आकर्षित गर्नु,
(२) श्रमको सम्मान गर्ने संस्कृतिको विकास गर्नु,
(३) लघु, साना तथा मझौला उद्योग स्थापना गर्न चाहने उद्यमीहरूलाई सुरुवाती पुँजी, प्राविधिक सहयोग र बजारको सरल र सहज पहुँच पुऱ्याउनु,
(४) प्रतिस्पर्धात्मक लाभका क्षेत्रमा पर्याप्त मात्रामा रोजगारी सिर्जना गर्नु,
(५) कोभिड १९ को महामारीबाट प्रभावित अर्थतन्त्रलाई पुनःस्थापित गर्नु,
(६) श्रम प्रशासनलाई सुदृढीकरण गर्नु,
(७) उद्योग व्यवसाय व्यवस्थापन र श्रमिक बिचको श्रम सम्बन्ध सुदृढ गर्नु,
(८) निकृष्ट प्रकृतिको बालश्रम निवारण गर्नु,
(९) औपचारिक तथा अनौपचारिक क्षेत्रका श्रमिकहरूलाई सामाजिक सुरक्षा प्रणालीमा आबद्ध गर्नु,
(१०) औद्योगिक प्रतिष्ठान र कार्यस्थलमा महिला तथा अपाङ्ग मैत्री कार्यवातावरणको सिर्जना गर्नु,
(११) आन्तरिक बसाई सराई व्यवस्थित गर्दै ग्रामीण भेगबाट युवा पलायन रोक्नु,
(१२) परम्परागत कृषि तथा पशुपालन प्रणालीलाई व्यवसायिकतामा रूपान्तरण गर्नु,
(१३) विप्रेषण आयलाई उत्पादनमूलक क्षेत्रमा परिचालन गर्नु,।

**(ख) समस्याः**

(१) प्रदेशमा रोजगारीका अवसरहरूको कमी,
(२) न्यून ज्यालादर र सेवा सुविधाको कमी,
(३) महिला र पुरूषबिच समान काममा ज्यालमा असमानता रहनु,

(४) समप्रकृतिको काममा स्वदेशको तुलनामा वैदेशिक आकर्षण बढी हुनु,

(५) प्रदेशका सबै जिल्लामा उद्यम र व्यवसायमैत्री सीप वा तालिम प्राप्त गर्ने पर्याप्त अवसरको कमी,

(६) व्यवसायजन्य स्वाथ्य तथा सुरक्षाको अपेक्षित प्रवन्ध नहुनु,

(७) लघु, साना तथा मझौला उद्योग स्थापना गर्न चाहने उद्यमीहरूलाई सुरुवाती पुँजी, प्राविधिक सहयोग र बजारको सरल र सहज पहुँच नहुनु,

(८) श्रम बजारमा रोजगारी सूचनाको पहुँचमा कमी,

(९) कोभिड १९ बाट रोजगारीमा नकारात्मक असर पर्नु,

(१०) उद्योग व्यवसायमा प्राकृतिक वा मानव सिर्जित विपदको कारण उत्पन्न हुने उत्पादन र रोजगारीको समस्या सम्बोधन गर्न पूर्वतयारी योजना तथा संयन्त्र नहुनु,

(११) नीतिगत निरन्तरताको कमीले पर्याप्त लगानी प्रवर्द्धन हुन नसक्नु,

(१२) स्थानीय बजारको आवश्यकता अनुसारको सीप तथा उद्यमशीलताको विकास हुन नसक्नु,

(१३) ग्रामीण भेगमा सक्रिय जनशक्तिको अभाव हुनु ।

(१४) कृषि, पशुपालन तथा परम्परागत पेसा व्यवसायहरूमा आधुनिक प्रविधि भित्र्याउन नसक्नु,

(१५) लक्षित वर्गमा सरकारको लगानी नपुग्नु तथा पुगेको लगानीको पनि प्रभावकारी सदुपयोग हुन नसक्नु,

(१६) प्रदेशभित्रको रोजगार र वैदेशिक रोजगार सम्बन्धी समग्र तथ्याङ्कको कमी,

(१७) रोजगार, स्वरोजगार लक्षित कार्यक्रमहरूको कमी,

(१८) वैदेशिक रोजगारलाई व्यवस्थित गर्न नसकिनु,

(१९) श्रम तथा रोजगारको क्षेत्रमा नीतिगत र संस्थागत समन्वय कमजोर हुनु ।

**नीतिको आवश्यकताः**

नेपालको संविधानमा व्यवस्था भएका श्रम तथा रोजगार सम्बद्ध प्रावधान, राष्ट्रिय रोजगार नीतिका उद्देश्य तथा आवधिक योजना र दिगो विकास लक्ष्यलाई साकार पार्न प्रदेश सरकारबाट आफ्नो क्षेत्रभित्र रहेको श्रमशक्तिको उचित व्यवस्थापन हुन जरुरी छ । बेरोजगार जनशक्तिलाई रोजगारीका अवसर उपलब्ध गराउन वैदेशिक रोजगारमा जाने युवाहरूलाई सीपयुक्त बनाउँदै सुरक्षित र मर्यादित रोजगारीका अवसरहरूमा पहुँच प्रदान गर्नु, प्रदेशको आर्थिक, सामाजिक, औद्योगिक एवं सेवाको क्षेत्रलाई विश्लेषण गरी

आन्तरिक रोजगारी प्रवर्द्धन गर्ने कार्यलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न सकिने गरी व्यवहारिक श्रम तथा रोजगार नीति तर्जुमा गर्न आवश्यक देखिएको छ ।

**नीति तर्जुमाका आधारः**

नेपालको संविधानमा उल्लेखित प्रत्येक नागरिकको रोजगारीको हक, बिना भेदभाव श्रमको हक, उचित श्रमको अभ्यास गर्न पाउने हक अधिकारको रक्षा गर्दै, मर्यादित श्रमको वातावरण तयार गर्न, राष्ट्रिय रोजगार नीति २०७१, वैदेशिक रोजगार नीति, २०६८, पन्ध्रौं राष्ट्रिय योजना र गण्डकी प्रदेशको प्रथम पञ्चवर्षीय योजना, श्रम तथा रोजगार सम्बद्ध कानूनका प्रावधान, आई. एल. ओ. महासन्धिका प्रावधान तथा दिगो विकास लक्ष्य समेतलाई आधार बनाउँदै गण्डकी प्रदेशको आवश्यकतालाई सम्बोधन हुने गरी श्रम तथा रोजगार नीतिको तर्जुमा भएको छ ।

**दूरदृष्टिः**

गण्डकी प्रदेश सम्वृद्धिको आधारः मर्यादित श्रम, उच्च उत्पादकत्व सहीतको पूर्ण रोजगार।

**लक्ष्यः**

अन्तर्राष्ट्रिय तथा राष्ट्रिय श्रम व्यवस्थापनका सिद्धान्त र व्यवहारलाई अङ्गीकार गर्दै पर्याप्त रोजगारी सिर्जना गरी गण्डकी प्रदेशमा भएको श्रमयोग्य जनशक्तिलाई सीपयुक्त, दक्ष र प्रतिष्पर्धी बनाउँदै मर्यादित, सुरक्षित तथा स्वस्थ कार्य वातावरण सहीत उत्पादकत्व र उत्पादन वृद्धि गरी आर्थिक एवं सामाजिक विकासमा अपेक्षित परिवर्तन ल्याउँदै प्रदेशवासीको जीवनस्तर माथि उठाउने ।

**उद्देश्यहरूः**

१. सुरक्षित र मर्यादित कामको अवसर जुटाई रोजगारीको प्रवर्द्धन गर्नु ।
२. युवा लक्षित रोजगारका अवसरहरू सिर्जना गर्नु।
३. रोजगारीका क्षेत्रमा कार्यरत संस्थाहरू बिच नीतिगत तथा संस्थागत समन्वय कायम गर्नु।
४. श्रम सम्बन्धलाई सुमधुर बनाई रोजगारमैत्री लगानीको वातावरण बनाउनु ।
५. अनौपचारिक क्षेत्रको रोजगारीलाई औपचारिक क्षेत्रमा रुपान्तरण गर्दै रोजगारीको गुणस्तरमा सुधार गर्नु ।
६. श्रम तथा रोजगार व्यवस्थापन प्रणालीलाई सूचना प्रविधिमैत्री बनाउनु ।

७. रोजगारीका सिलसिलामा हुने मानव बेचबिखन, बालश्रम, बाँधा श्रम लगायत सबै प्रकारका श्रम शोषण, कार्यस्थलमा हुने दुर्व्यवहार तथा हिंसा अन्त्य गर्नु।

८. वैदेशिक रोजगारीमा रहेका कामदारको व्यवस्थापन गर्नु।

९. वैदेशिक रोजगारका कारण सिर्जित समाजिक लागत र द्वन्द्वलाई न्यूनीकरण गर्नु ।

**नीति/कार्यनीतिः**

**उद्देश्य १ः सुरक्षित र मर्यादित कामको अवसर जुटाई रोजगारीको प्रवर्द्धन गर्नु ।**

**नीतिः**

१.१ सबै लिङ्ग, वर्ग र समुदायले सीप र क्षमताका आधारमा रोजगारी छनौट गरी श्रम गर्ने अवसर जुटाउने।

१.२ श्रमिकलाई कार्यस्थलमा सुरक्षित वातावरणमा काम गर्ने अवसरको सुनिश्चितता गर्ने।

१.३ कामको प्रकृतिको आधारमा हुने भेदभाव अन्त्य गरी श्रमिकको आत्मसम्मान बढाउने।

१.४ श्रमिकलाई न्यायोचित पारिश्रमिक र सुविधा उपलब्ध गराउने व्यवस्था मिलाउने।

१.५ श्रमिकको पेसागत मर्यादा र व्यक्तित्व विकासका लागि वृत्ति विकासका अवसर प्रदान गर्ने ।

**कार्यनीतिः**

१.१.१. महिला, अपाङ्गता भएका व्यक्ति, दलित, लोपोन्मुख र अति बिपन्न वर्गका व्यक्तिको रोजगारी, उद्यमशीलता र व्यावसायिकता विकास गर्न आवश्यक सीप, तालिम, प्रविधि तथा पुँजीको पहुँचमा वृद्धि गर्न विशेष कार्यक्रम र बजेटको व्यवस्था गरिनेछ ।

१.१.२. श्रमिकलाई कार्यस्थलमा कामको प्रकृति अनुसारको व्यक्तिगत सुरक्षा उपकरण वा साधन उपलब्ध गराउने, सम्भावित जोखिम र दुर्घटनाबाट सुरक्षित राख्ने तथा आकस्मिक दुर्घटनामा परेको अवस्थामा तत्काल उपचारको व्यवस्था मिलाइनेछ।

१.१.३. कार्यस्थलमा हुने प्रकोप, दुर्घटना वा सामान्य दुर्घटना रोक्न र त्यसको असरबाट श्रमिकलाई सुरक्षित राख्न रोजगारदाताले अग्रिमरूपमा पूर्वतयारी तथा सावधानीका उपाय अवलम्बन गर्ने व्यवस्था मिलाईनेछ ।

१.१.४. श्रमिकलाई लिङ्ग, जात,जाति, वर्ण वा अपाङ्गता लगायतका आधारमा भेदभाव नहुने व्यवस्था गरी अपाङ्गमैत्री कार्य वातावरण मिलाउन रोजगारदातालाई प्रोत्साहन गरिने छ।

१.१.५. श्रमको सम्मान गर्ने संस्कृतिको विकास गर्न विद्यालय तहदेखि नै सकारात्मक सोच, मनोवृत्ति र व्यवहारमा परिवर्तन, समुदायस्तरमा सचेतना जगाउन स्थानीय तहको सहयोग र सहकार्यमा विविध क्रियाकलाप सञ्चालन गरिनेछ ।

१.१.६. समान कामका लागि समान ज्यालाको सिद्धान्त अङ्गीकार गर्दै अन्तर्राष्ट्रिय, राष्ट्रिय मान्यता अनुरुप श्रमिकले पाउने ज्याला वा पारिश्रमिकको दर निर्धारण गरी प्रदेशभित्र काम गर्न प्रेरित गरिनेछ ।

१.१.७. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मापदण्डको आधारमा प्रत्येक दिन, हप्ता वा मासिकरूपमा काम गर्ने कार्य घण्टाको निर्धारण गरी अतिरिक्त समय काम गर्दा पाउने सुविधा, बिदा र सार्वजनिक बिदाको दिनमा काम गर्दा पाउने सुविधा वा सट्टा बिदाको सुविधा र साप्ताहिक विश्रामको दिन बारे रोजगार सम्झौतामा उल्लेख गर्ने व्यवस्था मिलाइनेछ ।

१.१.८. गर्भवती तथा सुत्केरी महिला श्रमिकको शारीरिक अवस्थाअनुसारको कार्य जिम्मेवारीमा प्राथमिकता, प्रसूति बिदा र कार्यस्थलमा स्तनपान कक्षको व्यवस्थालाई प्रभावकारी बनाइनेछ ।

१.१.९. श्रमिक तथा कामदारको न्यूनतम ज्याला वा पारिश्रमिक प्रत्येक दुई वर्षमा समीक्षा गरी सीप, दक्षता र मूल्यचक्रको आधारमा ज्याला वा पारिश्रमिक र अन्य सेवा सुविधा निर्धारण गरी लागु गरिनेछ ।

१.१.१०. श्रमिकको उत्पादकत्व र उपलब्धि हासिल गर्ने क्षमता नियमित लेखाजोखा (एप्रेजल) गरी पृष्ठपोषणका आधारमा क्षमता अभिवृद्धि, पारिश्रमिक, सेवा सुविधा वृद्धि तथा स्तरोन्नति गरिनेछ ।

१.१.११. मर्यादित रोजगारी सिर्जना गर्ने औद्योगिक क्षेत्र, उद्योग, कलकारखाना वा सेवाको क्षेत्रका रोजगारदातालाई प्रतिस्पर्धात्मकरूपमा पुरस्कृत गर्ने पद्धतिको विकास गरिनेछ।

**उद्देश्य २: युवा लक्षित रोजगारका अवसरहरू सिर्जना गर्नु।**

**१. नीति**

२.१ प्रदेशभित्र रोजगार सिर्जनासँग सम्बन्धित निकाय, सँस्था, आयोजना, परियोजना तथा निजी क्षेत्रबिच समन्वय कायम गरी रोजगार प्रवर्द्धन गर्ने ।

२.२ स्वरोजगार सिर्जनाका लागि व्यावसायिक सीप र उद्यमशीलताको प्रवर्द्धन गर्ने ।

२.३ वौद्धिक पलायन (ब्रेन ड्रेन) को समस्या पहिचान गरी न्यूनीकरण गर्न उपयुक्त कार्यक्रम/ योजना तर्जुमा गरी लागु गर्ने।

**२. कार्यनीतिः**

२.१.१. स्थानीय तहसँगको सहकार्यमा रोजगारीको खोजीमा रहेका युवाहरूको लागि श्रमबजारसँग सम्बन्धित सूचना आदानप्रदान तथा जीवनवृत्ति परामर्श (करियर काउन्सेलिङ) कार्यक्रम सञ्चालन गरिनेछ ।

२.१.२. बेरोजगार अवस्थामा रहेका श्रमयोग्य व्यक्तिलाई रोजगारीको अवसर सिर्जना हुन सक्ने गरि कम्तीमा पनि एक परिवार एक रोजगार कार्यक्रम सञ्चालन गरिनेछ ।

२.१.३. परम्परागत पेसा र व्यवसायलाई सम्मानयुक्त बनाउँदै यस्ता पेसा र व्यवसायमा संलग्न उद्यमी, व्यवसायीको सीपको स्तरीकरण र प्रमाणीकरणको व्यवस्था मिलाउनुको साथै सरल र सुलभ कर्जाको व्यवस्था एवं उत्पादनको बजारीकरणका लागि स्थानीय तथा प्रदेश सरकारबाट सहजीकरण गर्ने व्यवस्था मिलाइनेछ ।

२.१.४. बेरोजगार युवाका लागि रोजगार सहायता कार्यक्रम सञ्चालन गरिने छ।

२.१.५. वास्तविक उद्यमीको पहिचान गरी उद्यमशीलता अभिवृद्धिका लागि सहुलियत ब्याजदरमा कर्जा उपलब्ध गराउने साथै उद्यमीको परियोजना प्रस्तावको आधारमा उचित उद्यमशीलता अनुदानको व्यवस्था गरिनेछ ।

२.१.६. स्थानीय तहहरूको सहकार्यमा लेखबद्ध र अलेखबद्ध विदेशी कामदारहरू र उनीहरू संलग्न रहेका पेसागत क्षेत्रको विवरण तयार गरिनेछ।

२.१.७. प्रदेशभित्र विदेशी श्रमशक्ति प्रयोग भइरहेको क्षेत्रमा स्वदेशकै श्रम, सीप र दक्षता विकास गरी रोजगारका अवसरहरू विस्तार गरिनेछ।

२.१.८. नेपाली कामदारको संलग्नता न्यून रहेको प्लम्बर, इलेक्ट्रीसियन, डकर्मी, सिकर्मी, पेन्टर, कपाल काट्ने, तरकारी तथा फलफूल विक्री जस्ता क्षेत्रमा स्वदेशी सीप र उद्यमशीलताको विकास गरी स्वदेशी कामदारलाई उक्त काममा प्रोत्साहीत गरिनेछ।

२.१.९. स्वदेशमा उच्च शिक्षा अध्ययन गरी विदेश पलायन भएका तथा वैदेशिक अध्ययनमा गई वैदेशिक रोजगारीमा रहेका व्यक्तिहरूलाई आकर्षित गरी उनीहरूसँग भएको ज्ञान, सीप, प्रविधि र पुँजीको उच्चतम प्रयोग गर्ने व्यवस्था मिलाइनेछ।

२.१.१०. प्रदेशमा सम्भावना भएका क्षेत्र (Potential Sector) मा स्वरोजगारी अभिवृद्धिका लागि निजी क्षेत्र, दातृ निकायहरू, राष्ट्रिय एवं अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूको सहयोग तथा सहकार्यमा उद्यमशीलता तालिम सञ्चालन गरिनेछ। साथै नवप्रवर्तकहरूलाई प्रेरित गर्न अनुदानको व्यवस्था गरिनेछ।

**उद्देश्य ३: रोजगारी सिर्जना गर्न विभिन्न क्षेत्रगत नीति र योजनाहरूबिच समन्वय र सामान्जस्यता कायम गर्नु ।**

**नीतिः**

३.१ रोजगारी सिर्जना हुने क्षेत्रबिच नीतिगत र कार्यगत समन्वयको प्रभावकारी व्यवस्था मिलाउने।

३.२ स्थानीय तहको समन्वय र सहकार्यमा रोजगारी सिर्जना हुने खालका लघु, साना तथा मझौला उद्यम प्रवर्द्धन गर्ने ।

३.३ स्थानीय तहमा उपलब्ध स्रोत र साधन प्रयोग गर्ने र स्थानीयरूपमा रोजगारी सिर्जना हुने खालका उद्योगहरू सञ्चालन गर्न प्रोत्साहीत गर्ने ।

३.४ श्रम तथा रोजगार सेवाका सम्बन्धमा अन्तर तह समन्वय गरी कार्यक्षेत्र स्पष्ट गर्ने ।

**२. कार्यनीतिः**

३.१.१. औपचारिक, अनौपचारिक रोजगारी सिर्जना हुने प्रमुख क्षेत्रहरू पर्यटन, उर्जा, जलस्रोत, कृषि, सहकारी, शिक्षा, स्वास्थ्य, सूचना प्रविधि, निर्माण, वित्तीय क्षेत्र, स्वदेशी एवं वैदेशिक लगानी प्रवर्द्धन तथा औद्योगिक उत्पादन लगायतका क्षेत्रमा सङ्घीय तथा प्रदेश नीति र कार्यक्रमबिच प्रभावकारी समन्वय गरी रोजगारीका अवसर वृद्धि गरिनेछ ।

३.१.२. प्रदेशभित्र रोजगार सिर्जनासँग सम्बन्धित सरकारी, गैरसरकारी, निजी क्षेत्रका संस्था, आयोजना, परियोजनासंग समन्वय कायम गरी रोजगार प्रवर्द्धनको कार्यलाई तीव्रता दिइनेछ ।

३.१.३. उद्योग व्यवसाय स्थापना र सञ्चालन प्रक्रियालाई छिटो, छरितो, सरल र पारदर्शी बनाउन विद्युतीय प्रणालीको माध्यमबाट समयसापेक्ष र प्रभावकारीरूपमा सेवा प्रवाह गरिनेछ ।

३.१.४. उद्योगग्राममा स्थापना भएका उद्योग र त्यसमा काम गर्ने श्रमिकको उपयुक्त व्यवस्थापन र उल्लेख्य रोजगारी सिर्जना गर्ने स्थानीय तह तथा रोजगारदातालाई पुरस्कृत गर्ने प्रणाली स्थापित गरिनेछ।

३.१.५. स्वदेशी तथा बिदेशी लगानी आकर्षित गरी रोजगारीका अवसर बढाइने छ।

३.१.६. प्रदेशस्तरीय रोजगार सूचना केन्द्र र प्रदेशभित्रका स्थानीय तहमा स्थापित रोजगार सेवाकेन्द्रबिचको समन्वय र सहकार्यलाई प्रभावकारी बनाइनेछ।

**उदेश्य ४: रोजगारदाता र श्रमिक बिचको औद्योगिक सम्बन्धलाई सुमधुर बनाई रोजगारमैत्री लगानीको वातावरण बनाउनु ।**

**१. नीतिः**

४.१ रोजगारदाता र श्रमिकका व्यावहारिक समस्या र कठिनाईलाई अध्ययन, अनुसन्धान र छलफल गरी आवश्यक सहजीकरण तथा दिगो समाधानको वातावरण बनाउने।

४.२ रोजगारदाता र श्रमिक तथा कामदारको काम, कर्तव्य र अधिकार, रोजगारीप्रतिको जिम्मेवारी तथा जवाफदेहीतालाई करार सम्झौतामा नै व्यवस्था गरी सो को पालना गराउने।

४.३ रोजगारदाता र श्रमिक तथा कामदार बिचको सुसम्बन्ध, सामूहिक सौदाबाजी, आपसी हीत प्रवर्द्धनका लागि पेसागत रूपमा संगठित हुन पाउने हक सुनिश्चित गर्ने।

४.४ श्रम प्रशासन सुदृढ गरी श्रम व्यवस्थापन, निरीक्षण र नियमनलाई व्यवस्थित र प्रभावकारी बनाउने।

**२. कार्यनीतिः**

४.१.१ औपचारिक क्षेत्रमा काम गर्ने कामदारको परिचयपत्र बनाई अनिवार्यरूपमा योगदानमा आधारित सामाजिक सुरक्षा योजनामा सहभागी हुने प्रबन्ध मिलाइनेछ।

४.१.२ योगदानमा आधारित सामाजिक सुरक्षा योजनामा सहभागी हुन प्रदेशमा रहेका रोजगारदाता, श्रमिक एवं अनौपचारिक श्रम क्षेत्रका व्यक्तिलाई आवश्यक सचेतना र अभिमुखीकरण कार्यक्रमको माध्यमबाट योजनामा सहभागी हुनको लागि सहजीकरण गरिनेछ।

४.१.३ अनौपचारिक क्षेत्रमा काम गर्ने श्रमिकको अभिलेख संकलन एवं अद्यावधिक गरी उनीहरूलाई योगदानमा आधारित सामाजिक सुरक्षा प्रणालीमा समावेश गर्न श्रमिकले जम्मा गर्नुपर्ने योगदानमा आंशिक सहयोग गरिनेछ।

४.२.१ लगातार एक महिना वा सो भन्दा बढी अवधि काममा लगाउने रोजगारदाताले श्रमिक तथा कामदारलाई रोजगार करार गरेर मात्र काम लगाउने व्यवस्था गरिनेछ ।

४.२.२ रोजगारदाता र श्रमिक संगठनले व्यावसायिक मर्यादा र अनुशासन कायम राख्न, काम, कर्तब्य र जिम्मेवारी सहीतको उपयुक्त आचार संहिता तर्जुमा गरी लागु गरिनेछ ।

४.३.२ रोजगारदाता र श्रमिकबिच सौदाबाजीको प्रक्रियामा संवादको माध्यमबाट दुवैपक्षलाई मान्य हुने गरी पारस्परिक जीत वा हीत हुने अवस्थाको सिर्जना गरिनेछ।

४.३.३ श्रमिकको हीत र कल्याणका लागि गठन हुने श्रमिक संगठन कुनै पनि राजनीतिक दल वा राजनीतिक आस्थाबाट प्रतिबिम्वित नहुने गरी स्वतन्त्र र आधिकारीकरूपमा काम गर्न प्रोत्साहीत गरिनेछ ।

४.३.४ सुमधुर औद्योगिक सम्बन्धको विकासका लागि प्रदेश सरकार, रोजगारदाता र श्रमिकबिचको सहकार्यलाई निरन्तरता दिइनेछ।

४.४.१ श्रमिकको न्यूनतम पारश्रमिक, व्यवसायजन्य स्वास्थ्य र सुरक्षा तथा सामाजिक सुरक्षा प्रभावकारी बनाउन श्रम निरीक्षण प्रणालीलाई व्यवस्थित र सुदृढ गरिनेछ।

४.४.३ आवधिकरूपमा श्रम परीक्षण (लेबर अडीट) गर्ने व्यवस्था मिलाई प्राप्त प्रतिवेदनका आधारमा श्रम व्यवस्थापनमा आवश्यक सुधार गर्दै लगिनेछ ।

४.४.३ श्रमिकको हीत प्रवर्द्धन, गुनासो व्यवस्थापन, औद्योगिक प्रतिष्ठानहरूको नियमित अनुगमन, मूल्याङ्कन र निरीक्षण गर्न बहुपक्षीय र द्विपक्षीय परामर्श तथा वार्ताका लागि सहजीकरण गर्न नेपाल सरकारसँगको समन्वयमा प्रदेशस्तरीय श्रम कार्यालयको स्थापना गरिनेछ।

**उद्देश्य ५: अनौपचारिक क्षेत्रको रोजगारीलाई औपचारिक क्षेत्रमा रुपान्तरण गर्दै रोजगारीको गुणस्तरमा सुधार ल्याउनु ।**

**१. नीतिः**

५.१ अनौपचारिक क्षेत्रका कामदारलाई परम्परागत सीप तथा शिल्पकलाको जगेर्ना गर्दै आधुनिक उपकरणको प्रयोग गर्न सक्ने सीप तालिम उपलब्ध गराई उत्पादन र उत्पादकत्व बढाउने तथा क्षमता अभिवृद्धि हुने किसिमका कार्यक्रम सञ्चालन गर्ने।

५.२ अनौपचारीकरूपमा सञ्चालित उद्योग तथा प्रतिष्ठानहरूलाई दर्ता गरी औपचारिकरण गर्ने।

५.३ योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आबद्ध रोजगारदाताको कर्जा सूचना र व्यवसाय विकास सेवा पहुँचमा वृद्धि गर्ने।

५.४ रोजगारदाता र श्रमिकलाई योगदानमा आधारित सामाजिक सुरक्षा योजनामा आवद्ध गराई श्रमिक र उनीहरूको परिवारका सदस्यको संरक्षण हुने गरी सेवा र सुविधाको व्यवस्था गर्ने ।

**२. कार्यनीतिः**

५.१.१ अनौपचारिक क्षेत्रका कामदारलाई परम्परागत सीप तथा शिल्पकलाको जगेर्ना गर्दै आधुनिक उपकरणको प्रयोग गर्न सक्ने सीपयुक्त बनाउन तालिम तथा प्रशिक्षणको व्यवस्था गरिनेछ।

५.१.२ प्रदेशभित्र अनौपचारिक तथा औपचारिक क्षेत्रमा कार्यरत कामदारलाई योगदानमा आधारित सामाजिक सुरक्षा योजनामा आबद्ध गराउन उचित पहल गरी सामाजिक सुरक्षाको सुनिश्चितता गरिनेछ ।

५.२.१ स्थानीय तह तथा घरेलु कार्यालयहरूलाई परिचालन गरी अनौपचारिकरूपमा सञ्चालित उद्योग तथा प्रतिष्ठानहरू दर्ता गरी औपचारिकरण गर्ने व्यवस्था मिलाइने छ।

५.३.१ योगदानमा आधारित सामाजिक सुरक्षा योजनामा आबद्ध नहुँदासम्म रोजगारदाताको तर्फबाट श्रमिकको दुर्घटना बिमा, स्वास्थ्य उपचार बिमा र मातृत्व सुरक्षा योजनाको प्रबन्ध मिलाइनेछ।

५.४.१ श्रमिक आपूर्तिकर्ता संस्थाद्वारा आपूर्ति गरिने श्रमिकको हकमा आपूर्तिकर्ता संस्थाले श्रमिक उपलब्ध गराउने संस्थासँग लिएको पारिश्रमिक बापतको रकमबाट निश्चित प्रतिशत मुनाफा र व्यवस्थापकीय लागत शुल्क मात्र कटाउन पाउने व्यवस्था गरिनेछ।

**उद्देश्य ६: श्रम तथा रोजगार व्यवस्थापन प्रणालीलाई सूचना प्रविधिमैत्री बनाउनु ।**

**१. नीतिः**

६.१ प्रदेशमा श्रमिकका माग र आपूर्तिलाई व्यवस्थित र पहुँचयोग्य बनाउन आधुनिक रोजगार सूचना प्रणालीको विकास गरी कार्यान्वयन गर्ने ।

६.२ श्रम तथा रोजगार सम्बद्ध सेवाहरू, अनलाईन माध्यमबाट प्रदान गर्ने पद्धतिको प्रभावकारीता बढाउने ।

६.३ रोजगारदाताले श्रमिक तथा कामदारको पारिश्रमिक र अन्य सेवा सुविधा बैंकिङ एवं डिजिटल प्रणालीबाट उपलब्ध गराउने परीपाटीलाई अनिवार्य गर्ने ।

**२. कार्यनीति**

६.१.१ रोजगारदाता र श्रमिकलाई प्रदेशभित्र उपलब्ध श्रम शक्ति र रोजगारीका अवसरसम्बन्धी जानकारी प्रदान गर्न रोजगार पोर्टल (Job portal) को स्थापना गरी रोजगार विनिमय सेवाको व्यवस्था गरिनेछ।

६.२.१ वैदेशिक रोजगार सूचना व्यवस्थापन प्रणालीमा(FEIMS) आवद्ध वैदेशिक रोजगारीमा गएका र फर्किएका श्रमिकको विवरण अद्यावधिक गरिनेछ। यस कार्यमा सङ्घीय सरकार र स्थानीय तहसंग सहकार्य गरिनेछ ।

६.३.१ स्थानीय तहहरूको सहकार्यमा औपचारिक एवं अनौपचारिक क्षेत्रमा संलग्न श्रमिक र स्वरोजगारीमा रहेका व्यक्तिहरूको विवरण रोजगार सूचना व्यवस्थापन प्रणालीमा अध्यावधिक गरिनेछ ।

**उदेश्य ७: रोजगारीका सिलसिलामा हुने मानव बेचबिखन, बालश्रम, बाँधा श्रम लगायत सबै प्रकारका श्रम शोषण, दुर्व्यवहार तथा हिंसा अन्त्य गर्नु ।**

**१. नीतिः**

७.१ प्रदेशलाई बाल श्रम, बाध्यकारी श्रम र रोजगारीको नाममा हुने मानव बेचबिखन मुक्त प्रदेशका रूपमा स्थापित गर्ने ।

७.२ कार्यस्थलमा हिंसा रोक्न रोजगारदाताहरूले आवश्यक संस्थागत संरक्षण नीति (Protection Policy) अवलम्बन गर्ने व्यवस्था मिलाउने ।

७.३ घरायसी कामदारलाई विभेदरहीत र न्यायोचितरूपमा अन्य श्रमिक सरह पारिश्रमिक तथा सेवा सुविधाको व्यवस्था मिलाउने ।

**२. कार्यनीतिः**

७.१.१ औद्योगिक क्षेत्र, सेवाको क्षेत्र एवं कुनै पनि श्रमजन्य क्षेत्रमा बालश्रम प्रयोगलाई निषेधित गर्न गराउन कानूनको प्रभावकारी कार्यान्वयन गरिनेछ।

७.१.२ बाल श्रम, बाध्यकारी श्रम एवं रोजगारीको नाममा हुने मानव बेचबिखनका क्रियाकलाप उन्मुलन गर्न प्रदेशस्तरीय कानून तर्जुमा गरी कडाईका साथ कार्यान्वयन गरिनेछ ।

७.१.३ प्रदेशभित्र रहेका बाल श्रमिकहरूको पहिचान गरी स्थानीय तह र गैरसरकारी संघ संस्था समेतको सहयोगमा उद्धार, व्यवस्थापन र पुनःस्थापना गरिनेछ ।

७.२.१ कार्यस्थलमा हुने लैङ्गिक हिंसा, यौन हिंसा, अपाङ्गताका आधारमा हुने विभेद तथा जातीय विभेदलाई कानूनी दायरामा ल्याइनेछ ।

७.३.१ घरायसी कामदारका लागि दैनिकरूपमा कार्य घण्टा, न्यूनतम पारिश्रमिक, अतिरिक्त समय काम गर्दा पाउने थप सुविधा भत्ता लगायत साप्ताहिकरूपमा विश्राम गर्ने दिन, स्वस्थकर आवास सुविधा र खानाको सुनिश्चितता गरिनेछ ।

**उद्देश्य ८ः वैदेशिक रोजगारीमा रहेका कामदारको व्यवस्थापन गर्नु।**

**१. नीतिः**

८.१ वैदेशिक रोजगारीमा संलग्न कामदारलाई आवश्यक सूचना, सीप, तालिम र न्यायको पहुँच बढाउदै यस क्षेत्रलाई सुरक्षित, व्यवस्थित र लाभयुक्त बनाउने ।

८.२ वैदेशिक रोजगारीबाट फर्केका कामदारहरूले आर्जन गरेको अनुभव, ज्ञान, सीप, क्षमता, प्रविधि र पुँजीको अधिकतम् सदुपयोग गरी स्थानीयस्तरमै स्वरोजगारी तथा रोजगारी सिर्जना गर्ने।

८.३ राष्ट्रिय तथा अन्तर्राष्ट्रिय श्रम बजारको मागअनुसार दक्ष र सीपयुक्त जनशक्ति विकास गरी रोजगार एवं स्वरोजगारका अवसरहरू वृद्धि गर्ने।

**२. कार्यनीतिः**

८.१.१ वैदेशिक रोजगारीमा जानु अघि जान्नै पर्ने लाभ, लागत, जोखिम र सचेतना जस्ता विषयमा प्रत्येक स्थानीय तहसँग समन्वय गरी नियमितरूपमा सूचना तथा परामर्श दिइनेछ।

८.१.२ वैदेशिक रोजगारीका नाममा हुने ठगी, शोषण तथा मानव बेचबिखनलाई न्यूनीकरण गर्न संघीय सरकारसँगको समन्वयमा प्रदेशस्तरमा गुनासो सुन्ने एकाइको व्यवस्था गरी पीडकलाई कानूनी कारवाहीको दायरामा ल्याइनेछ।

८.१.३ संघीय सरकारसँग समन्वय गरी वैदेशिक रोजगारमा जान चाहने कामदारका लागि प्रदेशस्तरबाटै श्रम स्वीकृति, पुनः श्रम स्वीकृति प्रदान गर्ने सरल र सहज व्यवस्था गरिनेछ।

८.१.४ वैदेशिक रोजगार वोर्डसँग समन्वय गरी वैदेशिक रोजगारमा गई समस्यामा परेका कामदारको उद्धार, मृतक कामदारका हकवालालाई आर्थिक सहायता, अशक्त अपाङ्गलाई उपचार खर्च र पुनःस्थापना जस्ता सेवाहरू प्रदेशस्तरबाटै प्रदान गर्ने व्यवस्था गरिनेछ।

८.१.५ संघीया सरकारको समन्वयमा वैदेशिक रोजगार व्यवसायी, एजेण्ट र अन्य बिचौलीयाहरूको नियमन र अनुगमनलाई प्रभावकारी बनाइनेछ।

८.२.१ स्थानीय तहको सहकार्यमा वैदेशिक रोजगारीमा रहेका र फर्केका कामदारहरूको बिस्तृत विवरण (Profile) तयार गरी प्राप्त तथ्याङ्कको आधारमा उपयुक्त योजना निर्माण गरी उनीहरूले आर्जन गरेको सीपको प्रमाणीकरण, सचेतना तथा सामाजिक बिखण्डनमा परेकालाई पुनःएकीकरण लगायतका कार्यक्रम सञ्चालनको व्यवस्था मिलाइनेछ।

८.२.२ स्थानीय तहसँगको समन्वय तथा सहकार्यमा वैदेशिक रोजगारीमा गएका कामदारका परिवार र वैदेशिक रोजगारबाट फर्केका कामदारको आवश्यकता पहिचान गरी वित्तीय साक्षरता तालिम तथा मनोसामाजिक परामर्श सेवा प्रदान गरिनेछ।

८.३.१ श्रमबजारको अवस्था विश्लेषण गर्ने र बजारको मागअनुसारको श्रम बजारमा रहेको श्रमशक्तिलाई स्थानीय तहसँगको सहकार्यमा सीप तथा तालिमको व्यवस्था गरिनेछ।

८.३.२ वैदेशिक रोजगारीका लागि आवश्यक पर्ने सीप विकास र सचेतना जगाउने सम्बन्धी कार्यक्रमहरू तर्जुमा गरी कार्यान्वयन गरिनेछ।

**उद्देश्य ९: वैदेशिक रोजगारका कारण सिर्जित सामाजिक लागत र द्वन्द्वलाई न्यूनीकरण गर्नु ।**

**१. नीतिः**

९.१. वैदेशिक रोजगार सँगसँगै सिर्जित सामाजिक विकृति र विसङ्गतिहरूको अध्ययन गरी समस्याको पहिचान गर्ने।

९.२ पारिवारिक विखण्डन, द्वन्द्व, हिसा र शोषणका घटना, बालबालिका र वृद्ध, वृद्धाको जीवनयापनमा परेका समस्या निराकरण गर्न स्थानीय तहको सहकार्यमा कार्यक्रमहरू सञ्चालन गरिनेछ।

९.३. वैदेशिक रोजगारीका सिलसिलामा रहेका कामदार वा उनका परिवारका सदस्यहरूको मानसिक, शारीरिक वा अन्य पीडा तथा समस्याको अध्ययन गरी समस्याको सम्बोधन गर्ने।

**२ कार्यनीतिः**

९.१.१. वैदेशिक रोजगारीको क्रममा वाह्य संस्कृतिको प्रभावमा परी स्वदेशी संस्कार र मूल्य मान्यतामा आएको विचलन रोक्न सामाजिक परिचालनको कार्यक्रम सञ्चालन गरिनेछ।

९.२.१ वैदेशिक रोजगारमा गएका व्यक्ति र परिवारहरूमा परेको र पर्न सक्ने पारिवारिक समस्यालाई सम्वोधन गर्ने गरी अभिमुखीकरण र मनोसामाजिक परामर्श जस्ता कार्यक्रमहरू सञ्चालन गरिनेछ। यसका लागि संघीय सरकार, स्थानीय तह, नागरिक समाज, स्थानीय समुदाय र गैरसरकारी संघसंस्थाहरूसँग आवश्यकता अनुसार समन्वय र सहकार्य गरिनेछ।

९.३.१ वैदेशिक रोजगारीमा रहँदा शारीरिक, मानसिक र यौन शोषण वा अन्य कारणबाट शारीरिकरूपमा अशक्त र मानसिकरूपमा विक्षिप्त भएका कामदार वा उनका परिवारका सदस्यलाई मनोसामाजिक परामर्श प्रदान गरी सामान्य जीवनयापनमा फर्काउने व्यवस्था मिलाइनेछ।

**कार्यान्वयन संयन्त्र र जिम्मेवारी**

नेपालको संविधान, सङ्घीय सरकारका नीति तथा कानूनहरू नबाझिने गरि यो नीतिको कार्यान्वयन गरिनेछ। गण्डकी प्रदेश सरकार नीति निर्माण र कार्यान्वयन पक्षलाई समानरुपले अगाडी बढाउन प्रतिबद्ध छ। यो श्रम तथा रोजगार नीतिको कार्यान्वयनका लागि निम्नानुसारको निर्देशन समिति गठन गरिनेछ।

१. मन्त्री, शिक्षा, संस्कृति, विज्ञान, प्रविधि तथा सामाजिक विकास, गण्डकी प्रदेश - संयोजक
२. सदस्य, प्रदेश नीति तथा योजना आयोग (श्रम तथा रोजगार हेर्ने) – सदस्य
३. सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, गण्डकी प्रदेश – सदस्य
४. सचिव, शिक्षा, संस्कृति, विज्ञान, प्रविधि तथा सामाजिक विकास मन्त्रालय – सदस्य
५. सचिव, पर्यटन, उद्योग, बाणिज्य तथा आपूर्ति मन्त्रालय – सदस्य
६. सचिव, भौतिक पूर्वाधार, शहरी विकास तथा यातायात व्यवस्था मन्त्रालय – सदस्य
७. सचिव, अर्थ मन्त्रालय – सदस्य
८. सचिव, भूमि व्यवस्था, कृषि, सहकारी तथा गरिबी निवारण मन्त्रालय – सदस्य
९. गण्डकी प्राविधिक शिक्षा तथा व्यावक तालिम प्रतिष्ठानका प्रमुख – सदस्य
१०. अध्यक्ष, नेपाल उद्योग बाणिज्य महासंघ, गण्डकी प्रदेश – सदस्य
११. प्रतिनिधि, संयुक्त ट्रेड युनियन समन्वय केन्द्र (JTUCC), गण्डकी प्रदेश – सदस्य
१२. संयोजक, नगरपालिका महासंघ, गण्डकी प्रदेश – सदस्य
१३. अध्यक्ष, गाउँपालिका महासंघ, गण्डकी प्रदेश – सदस्य

१४. प्रदेश सरकारले मनोनित गरेको रा.प.प्रथम श्रेणी वा सो सरहको पदमा काम गरी अनुभव प्राप्त रोजगार विज्ञ १ जना – सदस्य

१५. महाशाखा प्रमुख (श्रम रोजगार क्षेत्र हेर्ने), शिक्षा, संस्कृति, विज्ञान, प्रविधि तथा सामाजिक विकास मन्त्रालय – सदस्य सचिव

**नीति समन्वय तथा कार्यान्वयन समिति**

१. सचिव, शिक्षा, संस्कृति, विज्ञान, प्रविधि तथा सामाजिक विकास मन्त्रालय – संयोजक

२. प्रमुख प्रशासकीय अधिकृत, पोखरा महानगरपालिका – सदस्य

३. महाशाखा प्रमुख (पर्यटन र उद्योग क्षेत्र हेर्ने) – पर्यटन, उद्योग, बाणिज्य तथा आपुर्ति मन्त्रालय – सदस्य

४. महाशाखा प्रमुख, भूमि व्यवस्था, कृषि, सहकारी तथा गरिबी निवारण मन्त्रालय – सदस्य

५. महाशाखा प्रमुख (श्रम रोजगार क्षेत्र हेर्ने), अर्थ मन्त्रालय – सदस्य

६. महाशाखा प्रमुख, कानून सञ्चार तथा प्रदेश सभा मामिला मन्त्रालय – सदस्य

७. महाशाखा प्रमुख, भौतिक पूर्वाधार, शहरी विकास तथा यातायात व्यवस्था मन्त्रालय – सदस्य

८. व्यावसायिक तथा सीपमूलक तालिम केन्द्रहरूको प्रतिनिधित्व हुने गरि एक जना -सदस्य

९. सबै किसिमका श्रम संगठनहरूको प्रतिनिधित्व हुने गरि एक जना – सदस्य

१०. महाशाखा प्रमुख (श्रम रोजगार क्षेत्र हेर्ने), शिक्षा, संस्कृति, विज्ञान, प्रविधि तथा सामाजिक विकास मन्त्रालय – सदस्य सचिव

**अनुगमन तथा मूल्याङ्कन**

उल्लिखित समितिहरूले, नीति कार्यनीतिसँग सम्बन्धित मन्त्रालय, विभाग, कार्यालय, स्थानीय तह, नीजि क्षेत्र र गैरसरकारी संस्था तथा नागरिक समाजसँग समन्वय गरी नीतिको कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन गर्नेछन् । नीतिको प्रभावकारी कार्यान्वयनका लागि एक कार्ययोजना तर्जुमा र वित्तीयस्रोतको व्यवस्था गर्नुपर्नेछ । यो नीति लागु भएको मितिबाट दुई वर्ष छ महिनाभित्र मध्यावधि समीक्षा गरिनेछ।

मध्यावधि समीक्षाबाट प्राप्त सुझावहरूलाई कार्ययोजनामा समावेश गरी कार्यान्वयन हुने व्यवस्था मिलाइनेछ । त्यसै गरी पाँच वर्ष पूरा भएपछि अन्तिम मूल्याङ्कन हुनेछ ।

**कानूनी व्यवस्था**

यो नीतिको प्रभावकारी कार्यान्वयनको लागि नेपालको संविधान र संघीय सरकारका नीति तथा कानूनहरूसँग नबाझिने गरी यस नीतिभित्र प्रस्ताव गरिएका प्रदेशस्तरीय श्रम तथा रोजगार, योगदानमा आधारित सामाजिक सुरक्षा योजना र व्यावसायिक तथा सीप तालिम सम्बन्धी ऐन, नियम, कार्यविधि एवं निर्देशिकाहरूको तर्जुमा गरिनेछ।

**जोखिम र चुनौती**

१. यो नीति निर्माणको समयमा कोभिड १९ को प्रकोप जारी रहेको हुँदा अपेक्षितरूपमा नीति कार्यान्वयनमा चुनौती रहेको छ ।
२. नीति कार्यान्वयनको लागि आवश्यक आर्थिक स्रोत र जनशक्ति परिचालनमा चुनौती रहेका छन्।
३. नीतिका उद्देश्य र कार्यनीतिलाई अक्षरसः लागु गर्न आवश्यक ऐन, नियम, निर्देशिका, कार्यविधि तर्जुमा गरी लागु गर्न केही समय लाग्ने हुँदा कतिपय नीति रणनीति कार्यान्वयनमा व्यावहारिक चुनौती सामना गर्नुपर्नेछ।

**जोखिम न्यूनीकरणका उपायहरू**

१. कोभिड १९ को संक्रमणबाट बच्न निरोधात्मक उपाय एवं विधिहरूको अवलम्बन गरी नीति कार्यान्वयनमा प्रभावकारिता ल्याउन सकिन्छ ।
२. नीतिले निर्देशित गरेका कानून तथा कार्ययोजना निश्चित समयसीमाभित्र तर्जुमा गर्ने कार्यलाई प्राथमिकतामा राख्नुपर्दछ।
३. प्रदेश सरकारले नीति कार्यान्वयनका लागि आवश्यक वित्तीय एवं मानव संसाधनको व्यवस्था गर्नुपर्दछ।
४. नीति कार्यान्वयन तथा अनुगमन प्रभावकारी हुनुपर्दछ।

**अपेक्षित उपलब्धी**

यो नीति लागु भएको मिति देखि पाँच वर्षको अवधिमा कार्यान्वयन प्रभावकारिताका आधारमा देहायका उपलब्धी हासिल भएको हुनेछः-

१. गण्डकी प्रदेशमा प्रत्येक वर्ष श्रम बजारमा प्रवेश गर्ने युवाहरूको लागि यथेष्ट रोजगारीको अवसर उपलब्ध भएको हुनेछ।
२. श्रमिकहरू र तिनीहरूको परिवारका सदस्यहरूले सामाजिक सुरक्षाको प्रत्याभूति प्राप्त गरेका हुनेछन्।

३. बाल श्रम, वाध्यकारी श्रम र रोजगारीका नाममा हुने मानव बेचबिखनको कार्य उन्मुलन भएको हुनेछ। साथै कार्यस्थलमा हुने हिंसा र जोखिम उल्लेख्यरूपमा कमी हुनेछ।

४. रोजगारदाता र कामदारबिच असल र मैत्रीपूर्ण सम्बन्धको अनुभूत गरी सबै महिला तथा पुरुष कामदारले उत्पादनशील रोजगारीमा सहभागी भएका हुनेछन्।

आज्ञाले,
देवेन्द्र लामिछाने
प्रदेश सरकारको सचिव

मुद्रकः गण्डकी प्रदेश सरकार, कानून, सञ्चार तथा प्रदेश सभा मामिला मन्त्रालय। मूल्य रु.२५।-